**निर्णय न १:**

यस नगरपालीकाबाट जारी भएको सार्वजनिक निर्माण कार्यको लागि (घ) वर्गको ईजाजतपत्र जारी, नविकरण, संशोधन, नामसारी र खारेजी गर्नका लागि तयार पारिएको निर्देशिका २०७४ का निम्नानुसारका दफाहरुमा तपशिल अनुसार संशोधन एवं थप गर्ने गरी संशोधन गर्ने निर्णय गरियो ।

**<u>दफा ५ लाई निम्नानुसार संशोधन गर्ने ।</u>**

**५. ईजाजतको अवधि थप, नविकरण, संशोधन र नामसारी सम्बन्धमा:**

१. दफा ४ बमोजिम प्रदान गरिएको इजाजतपत्र दफा ७ बमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अबस्थामा बाहेक चालु आर्थिक वर्षको अन्यसम्म मात्र मान्य रहनेछ ।

२. उपदफा (१) बमोजिम इजाजतपत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको ३ महिना भित्र प्रचलित कानून बमोजिम नगरपालिकालाई तिर्नुपर्ने कर तिरी सकेको प्रमाण स्वरुप सम्बन्धित स्थानीय कर कार्यालयबाट प्राप्त करचुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नविकरण सहित नगरपालिकावाट दफा ५ को उपदफा ५ वमोजिमको दस्तुर तिरी नविकरण गराउनु पर्नेछ । इजाजत पत्र नविकरण गर्न नगरपालिकामा कागजात पेश गर्दा अनुसूची-६ वमोजिमको पास वुक भरी अघिल्लो आर्थिक वर्षको सो फर्म वा कम्पनीले आफुले गरेको कार्यहरुको अद्यावधिक विवरण समेत पेश गर्नु पर्ने छ । यसरी अनुसूची-६ वमोजिमको पास वुक विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजत पत्र नविकरण गर्न नगरपालिका वाध्य हुनेछैन ।

३. उपदफा (२) बमोजिमको म्याद नाघेको छ महिनाभित्र सबै प्रकृया पुरा गरी इजाजतपत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले नविकरण गर्ने माग गरेमा दफा ५ को उपदफा ५ बमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र नवीकरण गरीदिनेछ ।

४. ईजाजत पत्रको नविकरणको लागि दिईने दरखास्त अनुसूची (५) बमोजिमको ढाँचामा दिनु पर्नेछ ।

५. ईजाजतपत्रको अवधि प्रत्येक आ.व. को आषाढ मसान्तसम्म मात्र हुनेछ । नविकरणका लागि आ.व. समाप्त भएको मितिले ३ महिनासम्म यस निर्देशिकाको अधिनमा रहि रु. १०००।- दस्तुर लिई नविकरण गर्न सकिने छ र तिन महिनापछी आएका ईजाजतपत्र नविकरण गर्नुपरेमा थप रु. १०००।- लिई नविकरण गर्न सकिने छ ।

६. नामसारी र फर्म संशोधन तथा प्रा.लि. मा स्तर उन्नती गर्नुपरेमा रु. ५०००।- दस्तुर लिई संशोधन तथा स्तर उन्नती गर्न सकिनेछ ।

७. फर्मको ठाउँसारी गर्नुपरेमा रु. ३०००।- दस्तुर लिई ठाउँसारी गर्न सकिनेछ ।

८. नवीकरण, नामसारी र फर्म संशोधनका लागि चालु आ.व. सम्मको यस नगरपालिकाको व्यवसायकर चुक्ता गरेको हुनु पर्नेछ ।

**<u>दफा ७, ८, ९ र १० थप गर्ने ।</u>**

**७. इजाजतपत्रको खारेजी :**

(१) देहायको अवस्थामा नगरपालिकाले निर्माण व्यवसायीको इजाजतपत्र खारेज गर्न सक्नेछ :

(क) झुठ्ठा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा संगठित संस्थामा झुट्ठाविवरण पेश गरको सम्वन्धित निकायवाट लेखि आएमा,

(ग) सार्वजनिक निकायसंग भएको सम्झौता वमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भिर उल्लंघन भएको सम्वन्धित निकायवाट लेखि आएमा ।

(घ) माथि जेसुकै उल्लेख भएतापनि वीरेन्द्रनगर नगरपालिका भित्र कार्य गर्ने निर्माण व्यवसायीको हकमा सम्बन्धित वडा कार्यालयबाट कार्वाहिका लागि सिफारिस भएमा ।

२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासिब माफिकको मौका दिइने छ ।

(३) दफा ५ को उपदफा (५) बमोजिमको म्यादभित्र नवीकरण नभएको इजाजतपत्र स्वतः खारेज हुनेछ ।

(४) उपदफा (१) वा (३) बमोजिम इजाजतपत्र खारेज भएकोमा नगरपालिकाले त्यसको जानकारी सम्बन्धित फर्म वा व्यक्ति वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिनेछ ।

**८. इजाजतपत्रको प्रतिलिपी दिने व्यवस्था :**

कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपी पाउन निवेदन गरेमा दफा ५ को उपदफा (५) बमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपी दिनु पर्नेछ ।

**९. प्रचलित कानून बमोजिम हुने :**

यस कार्यविधिमा लेखिए जति यसै बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**१०. बचाउः**

यस अघि प्रचलित कानून बमोजिम दर्ता भएका ठेक्का वन्दोवस्ती सम्बन्धी फर्म तथा कम्पनीहरुलाई दिइएको इजाजतपत्रहरु यसै कार्यविधि बमोजिम दिइएको मानिनेछ ।

## निर्णय न २

वीरेन्द्रनगर नगरपालिकाको सार्वजनिक सेवा तथा क्षमता विकास समिति मार्फत पेश भएको स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७४ लाई स्वीकृत गरि लागु गर्ने निर्णय गरियो ।

## निर्णय न ३

यस नगरपालिकाद्धारा बर्षातको समयमा विभिन्न वडामा वडा समिति मार्फत प्रति वडा रु. ३,००,०००।०० (अक्षरुपी तिन लाख मात्र) सम्मको सडक ग्राभेल गर्ने कार्य भएको र सो को श्रोत एकिन नहुंदा उल्लेखित कार्यको भुक्तानी दिन बांकी रहेको अवस्थामा उपयुक्त शिर्षक खोजि सो को भुक्तानी नगर कार्यपालिका कार्यालयबाट गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

## निर्णय नं. ४

यस नगरपालिकाका तपशिलका वडाका निम्नानुसार कार्यहरु तत्काल गर्नुपर्ने र भिटामिन ए कार्यक्रम (२०७५ बैशाख ६ गते) का लागि रकम खर्च भैसकेको तर सो को लागि आर्थिक श्रोत विनियोजन नभएको हुंदा विविध शिर्षकबाट खर्च लेख्नेगरी कार्य गर्ने निर्णय गरियो ।

**तपशिल:**

क. १ नं. वडा कार्यालय भवन मर्मत, अनुदान रकम रु. १३६०००।००

ख. वडा नं. २ को गोगनपानीमा जाली निर्माण गर्ने कार्य, अनुदान रकम रु. १४२०००।००

ग. भिटामिन ए वितरण कार्यक्रमको खर्च रकम रु. १७५०००।००

**निर्णय नं. ५**

साविकमा यस कार्यालयमा कार्यरत कर्मचारीहरुले प्रोत्साहन भत्ता खाईरहेको सन्दर्भमा पछि अन्य कार्यालयबाट काज सरुवा भै यस कार्यालयको विभिन्न शाखा र वडामा कार्यरत कर्मचारीहरुले समेत साविकका स्थानीय निकायका कर्मचारीहरु सरह प्रोत्साहन भत्ताको माग गरेकोमा यस नगरपालिकाबाट तलब खाई नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयमा कार्यरत कर्मचारीहरुलाई साविकको स्थानीय निकायका कर्मचारीहरुले खाईपाई आएको सुविधा अनुसार नै प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ६**

वी.न.नपा. कार्यालयले विभिन्न मितिमा खरिद गरेका र जिन्सी निरिक्षण भई सुशासन समितिको सिफारिस अनुसार हाल टुटफुट भई काम नलाग्ने चालु अवस्थामा आउन नसक्ने कवाडीको रुपमा रहेका जिन्सी मालसामानहरु लाई सम्बन्धित समितिको सिफारिस बमोजिमको प्रक्रिया अपनाई लिलाम विक्री गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

यस न.पा. क्षेत्र भित्र व्यवसाय करको दायरामा रहेको तर व्यवसायीबाट उठ्नुपर्ने व्यवसाय कर उठ्न नसकेकोले उक्त करलाई लक्ष्य मुताविक उठाउन कर्मचारीहरुलाई सम्बन्धित व्यवसाय स्थलमै खटाउनुपर्ने देखिएकाले वडा कार्यालयमा कार्यरत सामाजिक परिचालकहरुलाई खटाउने निर्णय गरियो ।

**निर्णय नं. ८**

नेवारे, करैखोला, साटाखानी, गर्पन, घ्यू पोखरी हुंदै कचाली मध्य पहाडि राजमार्गमा जोड्ने सडकलाई तत्काल स्तर उन्नती गर्नुपर्ने अवस्था रहेको तर नगरपालिकासंग सडक स्तर उन्नती गर्ने श्रोत अभाव रहेको हुँदा सडक स्तर उन्नतीमा सहयोग गरिदिन कर्णाली प्रदेश सरकारसँग अनुरोध गर्ने निर्णय गरियो ।